# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०१।१५ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

यातायात व्यवस्था कार्यालय, बिर्तामोड, झापाबाट सवारी चालक अनुमतिपत्र (३चक्के अटो रिक्सा) को लागि लिइने लिखित परीक्षा उत्तीर्ण गरी प्रयोगात्मक परीक्षा उत्तीर्ण हुनको लागि प्रयोगात्मक परीक्षा स्थलमा खटिने कर्मचारीलाई घुस/रिसवत दिनु पर्छ भन्दै बिचौलिया सराफ शेखले सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले निज बिचौलिया सराफ शेखलाई सेवाग्राहीसँग रू.१७,०००।- घुसबापतको रकम लिइसकेको अवस्थामा मिति २०७५/१२/२५ गते नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज सराफ सेख र जिल्ला ट्राफिक प्रहरी कार्यालय, विर्तामोड, झापामा कार्यरत प्रहरी सहायक निरीक्षक याम कुमार खड्काले एक आपसमा मिलेमतो गरी मतियारको रूपमा समन्वय गरी सेवाग्राहीलाई सवारीचालक अनुमतीपत्र बनाईदिने भनी घुस रकम माग गरी लिएको पुष्टि हुन आएको हुँदा निज प्रहरी सहायक निरीक्षक याम कुमार खड्काले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको सप्रमाण पुष्टि हुन आएकोले निजलाई बिगो रू.१७,०००।-(सत्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम तथा निज सराफ शेखले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रू.१७,०००।-(सत्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा(१) को देहाय (क) बमोजिम हुने सजायमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश अनुसार सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)<br>प्रवक्ता